नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(वातावरण व्यवस्थापन शाखा)

फोन नं. ४२००३०६
web page :- www.mld.gov.np
सिंहदरवार, काठमाण्डौ ।

पत्र संख्या २०७०१/७२
च.नं.:५.१.३(२२३)

मिति २०७१/१०/०२

विषय :- परिपत्र ।

श्री जिल्ला विकास समितिको कार्यालय,
सबै,७५ ।
श्री नगरपालिका कार्यालय,
सबै,१९१ ।

तहाँ मन्त्रालयले अन्तर्गत सबै नगरपालिकाहरु एवं गाविसलाई देहाय अनुसार फोहोर व्यवस्थापन गर्न/गराउने निर्देशन दिई सो को कार्यान्वयन सम्बन्धी प्रगति प्रतिवेदन नियमित रुपले यस कार्यालयमा समेत प्रेषित गर्नुहुन अनुरोध छ भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आर्थिक तथा पूर्वाधार विकास महाशाखा) को च.नं.७१/०७१-७२/५४०, मिति २०७१।०९।२४ को पत्रबाट लेखी आएको हुँदा देहाय अनुसार गर्ने गराउने व्यवस्था मिलाई नियमितरुपमा प्रगति प्रतिवेदन पठाउनुहुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७१।१०।०२ को निर्णयानुसार अनुरोध छ ।

१) फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र नियमावली २०७० ले तोके बमोजिमका प्रावधान अनुसार प्रक्रिया पूरा गरी फोहोरमैला व्यवस्थापन गर्ने,
२) नदी र नदी किनारका जग्गाहरुमा फोहोर व्यवस्थापन गर्न यथाशिघ्र रोक लगाउने,
३) फोहोर व्यवस्थापनमा Reduce, Reuse र Recycle पद्धतिलाई अंगाली फोहोरको वर्गिकरण गर्ने र स्रोतमै फोहोरको वर्गिकरण गरी व्यवस्थापन गर्ने,
४) फोहोरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रसंग प्राविधिक सहयोग माग गरी सबै गाविस र नगरपालिकाहरुले मौजुदा र भबिष्यलाई आवश्यक पर्ने न्यूनतम ल्याण्डफिल साइट बनाउने,
५) फोहोर प्रशोधन गर्न जिल्ला वा क्षेत्रगत क्लष्टर बनाई प्रशोधन कार्यमा नजिकका गाविस र नगरपालिकाहरुबीच साझेदारी गर्ने व्यवस्था मिलाउने,
६) सबै नगरपालिकाहरुमा फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धी काम गर्न वातावरण शाखाको स्थापना गरी फोहोरमैला व्यवस्थापनलाई महत्व प्रदान गर्ने । गाविसको फोहोरमैला व्यवस्थापन सम्बन्धमा जिल्ला विकास समितिमा रहेको वातावरण उर्जा तथा जलवायु परिवर्तन शाखाले आवश्यक सहयोग र समन्वय गर्ने ।
७) स्थानीय निकायहरुले फोहोरमैला व्यवस्थापन गर्ने कार्यमा स्थानीय जनसमुदाय/सरोकारवालासंग आवश्यक्तानुसार नियमित अन्तरक्रिया गरिरहने ।

२०७१।१०।०२

नोखिराम ओली
शाखा अधिकृत